नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ — स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ | अंक १५८ | २०७६ साल माघ ७ गते मंगलबार (21 Jan. 2020 Tuesday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- संक्रामक रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- एच.आई.भि वा हेपाटाईटिस बी को रोग फैलाउनेलाई दश वर्षसम्म कैद र एकलाख रुपैयाँसम्म जरिवाना हुने,
- यातना दिनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- व्यक्ति बेपत्ता पार्नेलाई पन्ध्र वर्षसम्म कैद र पाँचलाख रुपैयाँसम्म जरिवाना हुने,
- अपहरण गर्ने वा शरीर बन्धक लिनेलाई सात वर्षदेखि दश वर्षसम्म कैद र सत्तरी हजार देखी एक लाख रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : मधेशका सपुतहरुको ... ३ पृष्ठमा : प्रसारण लाइन निर्माणको ... ३ पृष्ठमा : आक्रमणमा एक पक्षिरका ...

## राजपा र सपा सत्तालाई केन्द्र बिन्दुमा राखेर राजनीति गर्ने पार्टी हो : सीके राउत



**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

जनमत पार्टी अध्यक्ष डा. सीके राउतले मधेशवादी दल राजपा र समाजवादी पार्टी सत्तालाई केन्द्र बिन्दुमा राखेर राजनीति गर्ने पार्टी रहेको आरोप लगाएका छन् ।

सोमबार राजविराजमा जनतम पार्टी सप्तरीद्वारा आयोजित "बरिष्ठ नेतृत्व मण्डल अन्तरक्रिया तथा कार्यकर्ता भेटघाट कार्यक्रम" मा बोल्दै उनले यस्तो आरोप लगाएका हुन् ।

अध्यक्ष राउतले मधेशमा राजनीतिक चेतनाको अभावका कारण पैसाको चलखेल बढी हुने गरेको बताउँदै मधेशवादी पार्टीहरु सत्ताका लागि सरकारसँग गोप्य सम्झौता गर्ने गरेको आरोप लगाएका छन् ।

प्रधानमन्त्री केपी ओलीलाई प्रवेश निषेध गर्न लगाएर सप्तरीको मलेठमा पाँच जना यूवालाई ज्यान गुमाउन बाध्य बनाएको मधेशवादी दल समाजवादी पार्टी तीनै ओली नेतृत्वको सरकारमा सहभागि हुनु र अहिले आएर राजपाले पनि राष्ट्रिय सभा निर्वाचनमा सोही पार्टीसँग सहमति गर्ने सहिद र मधेशी जनताको अपमान गरेको उनको भनाई थियो ।

उनले हिरा चिन्न नसकेका कारण मधेशमा काँग्रेस, कम्युनिष्ट र मधेशवादी दल गोबरलाई हिरा भनेर बेचेर हिड्ने गरेको समेत आरोप लगाए । उनले अर्को निर्वाचनमा आफ्नो पार्टी सशक्त रुपमा अगाडी आउने दाबी समेत गरे ।

सोही कार्यक्रममा आफ्नो पार्टीका कार्यकर्तालाई जनताको घर घरमा पुगेर आक्रमक रुपमा सदस्यता बितरण र संगठन निर्माण अभियानमा जुट्न निर्देशन दिँदै निर्वाचनको महत्व बारे पनि प्रशिक्षण दिन निर्देशन दिए ।

## माघ २५ देखि गजेन्द्र नारायण सिंह स्मृति क्रिकेट प्रतियोगिता

**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

तिलाठी कोइलाडी गाउँपालिकाले माघ २५ गतेदेखि गजेन्द्र नारायण सिंह स्मृति ट्वान्टी ट्वान्टी क्रिकेट प्रतियोगिता सञ्चालन गर्ने भएको छ ।

गाउँपालिकाका सूचना अधिकारी राजेश कुमार झाद्वारा सोमबार जारि विज्ञप्तिमा संघीयताका प्रणेता स्वर्गीय गजेन्द्र नारायण सिंहको स्मृतिमा प्रत्येक बर्ष माघ १० गतेदेखि उक्त प्रतियोगिता सञ्चालन गर्ने गाउँपालिकाका नीति तथा कार्यक्रम रहेको जनाइएको छ ।

विज्ञप्तिमा गाउँपालिकाबाट खेलाडी उत्पादन गर्ने उद्देश्यले गाउँपालिकाको ८ वटै वडाका वडा स्तरीय टिमहरुलाई समावेश गरी सप्तरी क्रिकेट संघसँगको सहकार्यमा प्रतियोगिता सञ्चालन गरिने जनाइएको छ ।

वडाको टिममा वडाभन्दा बाहिरका खेलाडिलाई समावेश नगरिने जनाउँदै विज्ञप्तिमा वडाका टिमलाई प्रतियोगितामा समावेश गर्न प्रशिक्षण आवश्यक भएको हुँदा माघ १० गतेदेखि जिल्लास्तरीय प्रशिक्षकहरुबाट १० दिने प्रशिक्षण शिविर सञ्चालन

*बाँकी अन्तिम पृष्ठमा*

## दृष्टिविहिन भोल्वी विचल्लीमा

**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

सप्तरीकी एक दृष्टिविहिन महिला विचल्लीमा परेकी छिन् । सप्तरीको बोदेवर्साइन नगरपालिका ४ सिल्हट टोलकी ५२ वर्षिया भोल्वी देवी रामको दुई छोरा मध्ये जेठो छोरा पनि दृष्टिविहिन र पतिको मृत्युपछि दुबै छोराको लालनपालनको जिम्मापनि उनकै काँधमा आएपछि बिचल्लीमा परेकी हुन् ।

अहिले उनलाई गुजारा चलाउन झनै समस्या थपिएर विच्चली भएको छ । जन्मदै आँखाको ज्योती गुमाएकी भोल्वी देवीको पहिलो सन्तान दिनेश पनि



दृष्टिविहिन भोल्वी देवी राम

जन्मदै आँखाको ज्योती गुमाएको उनले बताइन् ।

दिनेशको उमेर अहिले १२ वर्ष पुगेको छ । उनको दोश्रो सन्तान १० वर्षिय दिपक भने दृष्टिविहिन छैनन् । दिपकको दैनिकि भने दाजु र आमाकै रेखदेखमा वित्ने गरेको छ ।

जन्मीएदेखि दृष्टिविहिन रहेकी भोल्वी देवीको १६ वर्षको उमेरमा गाउँकै उखम मोचीसँग विवाह भएको थियो । विहे भएको ६ वर्ष नबित्दै उखम गम्भीर प्रकृतिको रोग लागी ओछ्यान समाए ।

ऐलानी जग्गामा एउटा झुप्रोमा बस्दै आएकी भोल्वीले विरामी परेका पतिको रकम अभावका कारण समयमै उपचार गराउन नसक्दा ६ बर्ष अघि पतिको मृत्यु भएको दुखेसो सनाइन् ।

उनले अत्याधिक जाडोका

*बाँकी अन्तिम पृष्ठमा*

## मतदाता र निर्वाचन अधिकृतको कार्यालयलाई भ्रममा पार्न झुठो उजुरी : शेखर सिंह



**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

प्रदेश २ बाट राष्ट्रिय सभा सदस्य पदका लागि राजपाका तर्फबाट अल्पसंख्यक समूहमा उम्मेदवारी दर्ता गराएका शेखर सिंहले मतदातालाई भ्रममा पार्न निर्वाचन अधिकृतको कार्यालयमा झुठा उजुरी दिएको बताएका छन् ।

काँग्रेसका उम्मेदवार भोला पंजियारले आफू बिरुद्ध निर्वाचन अधिकृतको कार्यालयमा सोमबार मनोनयन खारेजीको माँग गर्दै उजुरी दिएपछि सिंहको तर्फबाट यस्तो प्रतिक्रिया आएको हो ।

उम्मेदवार सिंहले प्रतिष्पर्धी

*बाँकी अन्तिम पृष्ठमा*



श्री सप्तरी जिल्ला अदालत
(तहसिल फाँट)

विषय:- जाफ पठाइएको बारे ।

श्री पुनरावेदन अदालत,
राजविराज ।

[illegible]

द.............
तहसिलदार




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer | CITY EXPRESS MONEY TRANSFER | IME International Money Express | IME pay wallet | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

## सम्पादकीय

# मोवाइलको लत्तले बालबालिका प्रभावितप्रति ध्यान पुगोस्

अहिले कोही पनि संचार क्षेत्रबाट टाढा रहेका छैनन् यसको श्रेय इन्टरनेटलाई जान्छ । इन्टरनेटका कारण अहिले विश्व नै साँगुरो जस्तो भएको छ । सेकेन्डमै विश्वभरीका घटनाहरु सजिलै पढ्न र हेर्न सक्छौं । इन्टरनेट चलाउने माध्यमको रुपमा कम्प्युटर, ल्यापटप र मोबाइल रहेका छन् । त्यसमा पनि सबै भन्दा बढी मोवाइलको माध्यमबाट इन्टरनेट चलाइने गरिएको छ । संचार माध्यमको रुपमा मोवाइल सबैभन्दा बढी रुचाइएकोमा त्यसको फाइदा र बेफाइदा पनि सँगै छ ।

अहिले सबै भन्दा बढी बालबालिकाहरु मोवाइल चलाउन व्यस्त हुन्छन् । मोवाइलबाट हामी कुराकानी गर्ने गर्दछौं तर, बालबालिकाहरु त्यसलाई मनोरन्जनको रुपमा बढी प्रयोग गर्ने गरेका छन् । यसरी बालबालिकाहरु मोवाइलको बढी प्रयोग गर्ने बानी राम्रो भने होइन् । यसले उनीहरुको श्रवण शक्ति कम हुने एक तथ्याङ्ले देखाएको छ । यति मात्र होइन् बालबालिकासाथै विद्यालयमा पढ्ने विद्यार्थीहरु समेतले यसलाई कक्षाकोठामा मोरन्जनको रुपमा प्रयोग गर्ने गरेको पाइन्छ । विद्यालयहरुमा कक्षा संचालन भइरहेकै अवस्थामा पनि विद्यार्थीहरु मोवाइलमा कुरा गर्न तथा चलाउन व्यस्त हुन्छन् । यसले पठनपाठनमा नकारात्मक असर पारिरहेको छ ।

यसतर्फ अभिभावकहरुले ध्यान नदिंदा विद्यार्थीहरु पढाईभन्दा अन्य कामहरुमा समेत व्यस्त हुन थालेका छन् । संचारले फड्को मार्नु भनेको सकारात्मक कुरा हो । तसर्थ बालबालिकाहरुलाई मोवाइल प्रयोग गर्न दिन नहुनेमा अभिभावक नै सचेत हुनुपर्ने आवश्यकता रहेको छ । यसतर्फ सबैको ध्यान जानु आवश्यक छ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# मधेशका सपुतहरुको बलिदान खेर जाँदैन



उपेन्द्र झा

राजनीतिलाई फोहोरी खेलको मैदान बनाएपछि त्यहाँ लोक-कल्याणको कार्यभन्दा व्यक्तिगत स्वार्थको प्रधानता हुन्छ । वर्चस्वको लडाईमा सिद्धान्त, कर्तव्यनिष्ठा, इमान्दारिता, सच्चरित्र पोपकार आदि सद्गुणको प्रायः लोप हुन्छ र सतहमा अनाचार, अत्याचार, व्याभिचार, बेइमानी, लुटमार, मारकाट आदि अमानवीय गुणहरू देखा पर्दछ । वर्चस्वको राजनीतिमा सबैकुरा जायज भनेर पाशविक प्रवृत्तिले प्रोत्साहन पाएको हुन्छ ।

कुरा फेरी मधेश कै गर्नु पर्ला । "सयकडौं चूहा खाके, बिल्ली चली हज करने" हिन्दी उखान जस्तै मधेशमा उपेन्द्र यादवको क्रान्तिकारी नारा गुञ्जिन थालेको छ । संविधान संशोधन भएन भने ठूलो विस्फोट हुने समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव गर्जिन थालेको छ । उनको व्यवसाय पनि त्यही भएकोले सत्ताबाहिर आएपछि सरकारलाई धम्काउने थर्काउने र आफ्नो भाग कसरी सुरक्षित हुन्छ, त्यसको लागि प्रयत्नशील रहनु स्वभाविक पनि हो । सरकार पक्षबाट पनि गौर घटनाको विषयमा उपेन्द्र यादव जेल जाने, आर्थिक अनियमिततामा समेत मुछिने आदि भय सृजना गरेर उपेन्द्र यादवलाई नियन्त्रणमा राख्ने प्रयास पनि हुँदैछ ।

षटमुख रहेको राजपा उपेन्द्र यादवको सत्ता बहिर्गमनपछि अनुकूलता हाँसिल गरेको छ । यो अनुकूलता रहला कि नरहला, द्विविधामा समय खेर फाल्नुभन्दा बेलैमा निर्णय गरेर सरकारमा सामेल हुनु बेस हुने दिग्गजहरूको सोच रहेको र सरकारले पनि राजपालाई सरकारमा सामेल गराउन बाध्यात्मक परिस्थितिका कारण राजपाका सत्तारोहण निश्चित प्राय छ । सरकारले राजपालाई उपेक्षा गरे उपेन्द्र यादवसँग एकता गरि मधेशमा ठूलो उपद्रव मच्चाउन सक्ने प्रबल सम्भावनालाई दृष्टिगत गरि राजपालाई सम्मानपूर्वक सरकारमा सामेल गराउने सम्भावना छ । राजपाको दुईटा माग संविधान संशोधन तथा रेशम चौधरीको रिहाई मध्ये दोश्रो मागलाई सरकारले तत्काल मानेर पहिलोलाई समाजवादीको सम्झौता जस्तै पछि आवश्यक परेको बेला गर्ने भन्ने सहमती बन्ने धेरै सम्भावना छ । रेशम चौधरीलाई रिहाई गराएर सरकारमा जाँदा मधेशको सहानुभुति पनि आर्जन गर्न राजपालाई ठूलो अवसर प्राप्त भएको मानिन्छ । मधेशमा पार्टीको हाइट बढ्नु ठूलो कुरा हो । रेशम चौधरीलई रिहा गर्नु सरकारको लागि सामान्य विषय हो ।

यदि सरकार आफ्नै अडानमा बसेर राजपालाई सम्मान गरेर सरकारमा सामेल गरेन भने नयाँ वर्ष २०२० राहु प्रधान रहने साल भएकोले सरकार अपठ्यारोमा पर्ने सम्भावना पनि छ । वैकल्पिक शक्ति निर्माणमा लागेका शक्तिहरूले अवसर पाउने र पुनश्च मधेशलाई हल्लाउने उपाय गरे सरकारविरोधी सबै शक्ति ध्रुवीकृत भएर सरकारलाई चुनौती दिन सक्नेछन् । विगतमा सरकारको विरोधमा ध्रुवीकृत भई रहेको शक्तिहरूलाई सीमाविवाद प्रकरणले ती शक्तिहरूलाई तितर बितर पारेर सरकारलाई सुरक्षित अवस्थामा पुऱ्याएको अनुभव ताजै हुनु पर्छ । त्यसकारण समाजवादी पार्टीसँग राजपाले एकता गर्नुभन्दा पहिले सरकाले राजपालाई सम्मानपूर्वक मित्रशक्ति बनाउन बेस होला । यो अनौठो कुरा नभई राजपाका शक्तिशाली नेताहरूको मानसिक धारणा हो । अप्ठ्यारो अवस्थामा केपी शर्मा ओलीलाई गुहारेर आफ्नो अस्तित्व बचाउने राजपाका दूरदर्शी नेताहरू उपरोक्त धारणाबाहेक अन्य कुरा सोच्न सक्दैनन् । त्यसकारण यो उपाय सार्वजनिक गरिएको हो । मधेशी जनतालाई झुक्याएर मत लिने र सत्तासँग टाँसेर आर्थिक लाभ लिने अहिलेका नेताहरूको डबल अनुहार मधेशका जनताले राम्ररी बुझेका छन् ।

सरकारमा बसेर समाजवादी अध्यक्ष उपेन्द्र यादवले राजपाका नेताहरूलाई गन्ती मै राखेनन्, न मर्यादापूर्वक आचरण गरे । आज ठीक उल्टो परिस्थिति आइलागेको छ उपेन्द्र यादवलाई । अब बल राजपाको कोर्टमा छ भन्ने कुरा सार्वजनिक गर्दा उनको नीरिहता त्यसै झल्किन्छ । परिस्थिति यसरी बदलेर उनको अहंकार चूर हुन्छ भन्ने कुरा कसैले सोचेको थिएन र परिस्थिति प्रतिकूल भएर रून न हाँस्न अवस्थामा पुऱ्याएको छ ।

राजपाबिना समाजवादी पार्टीले अधिकार आन्दोलनलाई जगाउन सक्दैन । सडक र सदनमा संघर्ष गर्ने उपेन्द्र यादवको उद्घोष मिथ्या साबित हुने कुरा प्रष्ट छ । सत्तामा हुँदा अधिकार आन्दोलनको कुरा नगरि "संविधान संशोधन गर्न सरकारलाई सघाउन" हामी सरकारमा सामेल भएको कुरा नभए मानसिक रूपले केपी शर्मा ओली र प्रचण्डको गुलामी स्वीकार गरि संघर्ष गर्नुभन्दा सत्ताबाट फाइदा लिनु बेस, सिद्धान्त बनाएर नै नेकपाको सरकारमा उपेन्द्र यादव सामेल भएको थियो । अधिकारवादी आन्दोलन नेतृत्वविहीन भई सुसुप्तावस्थामा पुगेको कुरा सबैलाई थाहा छ ।

बाबुराम भट्टराईको आकांक्षा सत्ताबाट उपेन्द्र यादवको बहिर्गमनले पूरा गरेको छ । लामो समयदेखि आन्दोलन उठाएर सरकारलाई चुनौती दिएर समचारको हेडलाइन बनी रहने आकांक्षा पालेका बाबुराम भट्टराई आन्दोलनको उर्वर भूमि मधेश नै भएकोले मधेशी धरातलमा आएको हो । बाबुराम भट्टराई अनुसार उपेन्द्र यादव बाहिरिएपछि आन्दोलनको ढोका खुलेको हो । उनको अभिव्यक्ति पनि त्यस्तै आएको हो ।

राजपालाई साथ नलिई बाबुराम भट्टराईको भरमा उपेन्द्र यादवले अविश्वासमा रहेको अधिकारवादी आन्दोलनलाई संचालन गर्न धेरै कठीन छ । मधेशका सपुतहरूलाई बलिदान गरि मन्त्री पद पाउने खेल मधेशले बुझिसकेको छ । यिनीहरूको गुलामी प्रवृति कै कारण धोका खाएर जनाधार भएका धेरै नेताहरू मधेशका धरातलबाट पलायन भए । कतिपय राजनीतिक सन्यास लिएर बसे ।

पुनश्चः आन्दोलन उठाउने उपेन्द्र यादवको लालसा त्यसै धरासायी हुने निश्चित त हुँदैछ, मधेश आन्दोलनबाट उदाएको उपेन्द्र यादवको प्रवल भाग्य अस्ताचलमा गएको प्रष्ट छ । कुनै पनि हर्कत उसको लागि प्रत्युत्पादक बन्ने निश्चित छ । आन्दोलनकारी सम्मानका अधिकारी हुन्छन्, अपमानजनक व्यवहार त गुलामका लागि हो ।

*(मधेश दर्पण फिचर सेवा)*

# सभामुखको उम्मेदवार टुङ्गिएसँगै राजीनामा दिएँ : तुम्वाहाङ्फे

काठमाडौं, ६ माघ (रासस) ।

उपसभामुख डा शिवमाया तुम्वाहाङ्फेले सभामुखको उम्मेदवारको टुङ्गो लागेसँगै आफूले पदबाट राजीनामा दिएको बताउनुभएको छ ।

प्रतिनिधिसभाको बैठकमार्फत उपसभामुखबाट राजीनामा घोषणा गरेलगत्तै संसद्भवन नयाँ बानेश्वरमा पत्रकार सम्मेलन गरेर उहाँले संविधानले संसद्लाई नेतृत्वविहीन हुने कल्पना नगरेकाले सभामुखको उम्मेदवारको टुङ्गो लाग्नेबित्तिकै आफूले राजीनामा गरेको बताउनुभयो ।

उहाँले आफू दलको नभई संसद्को उपसभामुख भएकाले नेपाल कम्युनिष्ट पार्टी (नेकपा)ले राजीनामा गर्न दिएको निर्देशन मान्न नसकेको प्रस्टीकरण दिनुभयो । "संसदीय मर्यादालाई ख्याल गरी मैले मार्गप्रशस्त गर्न राजीनामा गरेको हुँ", तुम्वाहाङ्फेले भन्नुभयो ।

उपसभामुखबाट राजीनामा गरेसँगै ट्याक परिवर्तन भएको उहाँको भनाइ थियो । उहाँले आफ्नो दुईवर्षे कार्यकालमा संविधान र कानूनबमोजिम कर्तव्य निर्वाह गरेको जिकिर गर्नुभयो । असोज १४ गतेपछि सभामुख पद रिक्त रहेको असहज परिस्थितिमा संविधानले दिएको अधिकारअनुसार आफूले प्रतिनिधिसभाको नेतृत्व गरेको उहाँले स्पष्ट पार्नुभयो । "उपसभामुखबाट राजीनामा गर्दा म अत्यन्त खुशी छु, राजीनामासँगै मेरो प्रतिज्ञा लागि थप उत्साह मिलेको छ", उहाँले भन्नुभयो ।

संसद् सचिवालयको कर्मचारीले दुर्व्यवहारको आरोप लगाएपछि सभामुख कृष्णबहादुर महराले राजीनामा गर्नुभएको थियो । गत असोज दोस्रो सातादेखि प्रतिनिधिसभा सभामुखविहीन छ । आइतबार नेकपाको सचिवालय बैठकले अग्निप्रसाद सापकोटालाई सभामुख बनाउने निर्णय गरेको थियो ।

# प्रमुख विपक्षी दल काँग्रेसका नेता बलदेव शर्माको निधन

**दैनिक समाचारदाता**

**काठमाडौं, ६ माघ ।**

प्रदेश ५ प्रदेशसभाका प्रमुख विपक्षी दल नेपाली कांग्रेसका नेता बलदेव शर्मा पोखरेलको सोमबार निधन भएको छ ।

क्यान्सर रोगबाट पीडित ८२ वर्षीय पोखरेलको सोमबार दिउँसो पौने दुई बजे रुपन्देहीको तिलोत्तमा १४ खैरियास्थित आफ्नै निवासमा निधन भएको हो ।

पोखरेललाई गत वर्ष माघमा छातीमा क्यान्सरको संक्रमण देखिएको थियो । र पछिल्लो समय शरीरभर फैलिएको थियो । लामो समय नर्भिक अस्पताल काठमाडौं र पछिल्लो समय रुपन्देहीको क्रिमसन अस्पतालमा उपचार गराइएको शर्मालाई हाले मात्र घर लगिएको थियो ।

१९९४ सालको माघ १९ गते प्युठानको तुसारामा जन्मिएका पोखरेल नेपाली कांग्रेसको समानुपातिक कोटाबाट प्रदेशसभा सदस्य बनेका थिए । उनी प्रदेशसभाकै जेष्ठ सदस्यसमेत थिए ।

२०१३ सालदेखि नेपाल छात्र संघबाट राजनीति सुरू गरेका पोखरेल २०१८ सालमा २ वर्ष नेपालगञ्जमा जेल परेका थिए । २०२६ सालदेखि २०३६ सालसम्म कांग्रेस रुपन्देहीको सचिव रहेका पोखरेल कांग्रेस केन्द्रीय कार्यसमितिमा आमन्त्रित सदस्य सम्म भएका थिए ।

२०२० सालदेखि रुपन्देहीको खैरियामा बस्दै आएका पोखरेलका एक पत्नी, चार छोरा र दुई छोरी छन् ।

# प्रसारण लाइन निर्माणको अवरोध हटाउन पहल

काठमाडौं, ६ माघ (रासस)।

मर्स्याङ्दी करिडोरमा निर्माण भएका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रणालीमा जोड्न महत्वपूर्ण मानिएको मर्स्याङ्दी करिडोर २२० केभी डबल सर्किट प्रसारण लाइन निर्माणमा देखिएको अवरोध हटाउन पहल शुरु गरिएको छ।

आयोजनाको उदिपुर (लमजुङ)-मार्कीचोक (तनहुँ) खण्डअन्तर्गत गोरखाको पालुङटार नगरपालिका-४ र ५ का स्थानीयवासीले मार्ग परिवर्तनको माग गर्दै एक वर्षअघिदेखि प्रसारण लाइन निर्माणमा अवरोध गर्दै आएका थिए।

नेपाल विद्युत् प्राधिकरणले शुरुमा मर्स्याङ्दी नदीको किनारै किनार प्रसारण लाइन निर्माणको डिजाइन तयार गरेको थियो। नागरिक उड्डयन प्राधिकरणले त्यहाँ लाइन निर्माण गरिएमा पालुङटार विमानस्थलमा विमान उडान र अवतरण गर्न नसकिने उल्लेख गरेपछि मार्गप्रशस्त गर्न माग गरिएको थियो।

प्राधिकरणले विमानस्थल एवम् प्रस्तावित स्मार्ट पालुङटार सिटीलाई असर नपर्ने र सामाजिक तथा वातावरणीय क्षति कम हुने गरी बस्ती र जङ्गलको बीचबाट प्रसारण लाइनको नयाँ मार्ग तय गरेको छ।

लमजुङको गरमबेँसीबाट पालुङटार नगरपालिका-४ र ५ हुँदै मार्कीचोकतर्फ जाने ३७ किलोमिटर लाइनको गरमबेँसी-पालुङटार ५.६ किलोमिटर खण्डमा १६ वटा टावर निर्माण गर्नुपर्नेछ तर पालुङटारका स्थानीय बासिन्दाले प्रसारण लाइन बस्तीबाट लैजान खोजिएको भन्दै प्रसारण मार्गमा असहमति जनाउँदै आएका छन्। उदिपुर-मार्कीचोक खण्डमा लमजुङतर्फ भने समस्या छैन। लमजुङमा पर्ने टावर निर्माण थालिएको छ।

'गेम चेन्जर आयोजना'का रूपमा निर्माण शुरु गरिएको आयोजनामा अवरोध उत्पन्न भएपछि ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनको पहलमा गोरखाबाट प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने सांसद चुडामणि खड्काको संयोजकत्वमा समन्वय समिति बनाइएको छ। समितिमा त्यस क्षेत्रका प्रदेशसभाका सांसद, नगरपालिकाका प्रमुख-उपप्रमुख, शहरी विकास मन्त्रालयलगायत प्रतिनिधि छन्।

गोरखा क्षेत्र नं २ बाट प्रतिनिधिसभाका सांसद डा बाबुराम भट्टराई, विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, प्रदेशसभा सदस्य, नगरपालिका प्रमुख तथा उपप्रमुख, शहरी विकास मन्त्रालय र नागरिक उड्डयन प्राधिकरणका प्रतिनिधिले आयोजनाका प्रस्तावित मार्गबारे पालुङटारमा स्थानीयवासीसँग अन्तरक्रिया गर्नुभएको छ।

पालुङटार विमानस्थल सञ्चालनमा कुनै व्यवधान नहुने र स्थानीयवासीलाई कम क्षति पुग्ने गरी प्रसारण लाइन निर्माण गरिनुपर्ने भट्टराईको भनाइ थियो। "प्राविधिक दृष्टिकोणमा सम्भव भएमा रुटको अरू विकल्पबारे अध्ययन गरौँ, सम्भव नहुने देखिएमा प्रस्ताव गरिएको मार्गबाट पुग्ने क्षतिलाई कम गर्नेतर्फ सोचौँ", उहाँले भन्नुभयो।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले राजनीतिक फाइदा तथा बेफाइदाभन्दा सामाजिक र वातावरणीय क्षति कम हुने गरी प्राविधिक अध्ययनसहित मार्ग तय गरिएकाले निर्माणमा सहयोग गरिदिन स्थानीयवासीलाई आग्रह गर्नुभयो।

"विमानस्थल नचाहिने हो भने मर्स्याङ्दी नदीको किनारै किनार लैजाँदा धेरै सजिलो र टावर कम बनाउनुपर्छ, त्यहाँबाट लैजाँदा विमानस्थल या प्रसारण लाइनमध्ये एक छोड्नुपर्ने देखिएपछि दुवै सञ्चालन हुन सक्ने विभिन्न विकल्पमाथि छलफल गरी अहिलेको मार्ग नै उत्कृष्ट प्राविधिक विकल्पका रूपमा तय गरिएको हो", उहाँले भन्नुभयो।

यस लाइनको निर्माण गर्न सकिएन भने मर्स्याङ्दी नदी बेसिनमा निर्माणाधीन जलविद्युत् आयोजनाको विद्युत् प्रवाह गर्न समस्या हुँदा ठूलो रकम हर्जाना तिर्नुपर्ने भएकाले प्रसारण लाइन निर्माणमा सहयोग गर्न उहाँले आग्रह गर्नुभयो। उहाँले स्मार्ट सिटीका रूपमा विकास गर्न लागिएको पालुङटारमा विद्युत् आपूर्ति भरपर्दो र गुणस्तरीय बनाउन ठूलो क्षमताको सबस्टेशन बनाइदिन प्राधिकरण तयार रहेको बताउनुभयो। शहरी विकास मन्त्रालयका सहसचिव सरीता मास्केले स्मार्ट सिटीलाई धेरै विद्युत्को आवश्यक पर्ने भएकाले लाइनलाई अवसरका रूपमा प्रयोग गर्न आग्रह गर्नुभयो।

नागरिक उड्डयन प्राधिकरणका उपप्रबन्धक कृष्णप्रसाद पौडेलले पालुङटार विमानस्थललाई सञ्चालनमा ल्याउन चालु आवभित्रै स्तरोन्नति गर्न लागिएको जानकारी दिँदै मर्स्याङ्दी नदीको किनारै किनार प्रसारण लाइन निर्माण गरिएमा विमानस्थल चलाउन नसकिने प्रस्ट पार्नुभयो।

पालुङटार नगरपालिकाका प्रमुख दीपकबाबु कँडेल र उपप्रमुख पम्फा बसेलले विकास नरोकिने र जनतालाई कम क्षति पुग्ने गरी प्रसारण लाइन निर्माण गरिनुपर्ने बताउनुभयो। प्रसारण लाइन एक वर्षमा सक्ने लक्ष्य छ।

मर्स्याङ्दी नदी बेसिनमा निर्माणाधीन र निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् प्रवाहका लागि ११३ किलोमिटर लामो २२० केभी डबल सर्किट मर्स्याङ्दी करिडोर प्रसारण लाइन निर्माण गर्न लागिएको हो।

मनाङको धारापानीबाट शुरु हुने प्रसारण लाइन चितवनको भरतपुरस्थित न्यू भरतपुर सबस्टेशनमा सकिनेछ। आयोजनाले धारापानी, खुदी, उदिपुर र न्यू भरतपुर २२०/१३२/३३ केभी सबस्टेशनको निर्माण गर्नेछ। युरोपेली लगानी बैंकको नौ करोड अमेरिकी डलर सहुलितपूर्ण ऋणमा आयोजनाको निर्माण भइरहेको हो।

# प्रदेश र स्थानीय सडकका पुल मर्मत अन्योलमा

काठमाडौं, ६ माघ (रासस)।

देशभरका सबै सडकमा नेपाल सरकारले निर्माण गरेका पुलको मर्मतको जिम्मेवारी कसको हो भन्ने अल्योल देखिएको छ। देशभरका सडकहरू तीनै तहको सरकारको अधिकार क्षेत्रमा परे पनि ती सडकमा रहेका पुल भने सङ्घीय सरकारले निर्माण गर्दै आएको छ। प्रदेश र स्थानीय सरकारसँग पुल निर्माणको अनुभव नभएको भन्दै देशभरका सडकमा नेपाल सरकारले नै पुल निर्माण गरिरहेको हो।

विगतमा बनेका सडक पुलहरू स्थानीय सरकारलाई हस्तान्तरण भइनसकेको सडक विभाग, पुल महाशाखाका प्रमुख (उपमहानिर्देशक) दीपक भट्टराईले बताउनुभयो। केही वर्षपछि प्रदेश सरकार र स्थानीय तह पुल निर्माण गर्न सक्षम भएपछि मात्रै हस्तान्तरण हुनसक्ने उहाँले बताउनुभयो। पुल मर्मतका लागि स्थानीय तहले अहिलेसम्म बजेट छुट्याएका छैनन्। उहाँले भन्नुभयो, "यसको जिम्मेवारी सधैँ नेपाल सरकारले लिने कि स्थानीय सरकारले भनी टुङ्ग्याउनुपर्छ।"

चालू आवसम्ममा सडक विभागले देशभरका सडकमा निर्माण गर्नुपर्ने पुलको सङ्ख्या एक हजार ६७९ पुगेको छ। गत आवहरूमै ठेक्का सम्झौता भइसकेको एक हजार ४६७ र चालू आवमा २१२ पुल थप भएको उपमहानिर्देशक भट्टराईले जानकारी दिनुभयो। उहाँका अनुसार चालू आवको पहिलो चौमासिकमा ४५ वटा पुल सम्पन्न भएको छ। नेपाल सरकारले निर्माण गरिरहेका धेरै रणनैतिक सडकहरूमा पुल निर्माण गर्नुपर्ने देखिएको छ। सेती लोकमार्गमा १५ र भेरी करिडोरमा १९ सडक पुल थपिने देखिएको छ। उहाँले भन्नुभयो, "निर्माणाधीन अरु सडकमा अरु पनि पुलको योजना थपिन सक्छ।"

सडक निर्माणसँगै पुल निर्माणका हिसाबले पनि विभागमा उच्च चाप रहेको छ। सरकारले पूर्वाधारमा बजेट बढाए पनि त्यसको कार्यान्वयन गर्ने कर्मचारी भने बढाएको छैन। विभागका उपमहानिर्देशक शिवहरि सापकोटाले सडकसँगै पुल निर्माण र मर्मतको जिम्मेवारपूर्ण निकाय सडक विभागमा जनशक्ति घटिरहेको बताउनुभयो। उहाँका अनुसार छब्बीस वर्ष पहिले विभागमा दुई हजार ५१९ दरबन्दी थियो भने अहिले त्यो दरबन्दी कम भएको छ। यसबीचमा बजेट कयौं गुणा बढेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "बजेट बढेसँगै विभागको प्रगति बढाउन जनशक्ति बढाउन खाँचो छ।"

विगतका आवहरूमा प्रदेश सरकारलाई हस्तान्तरण भएका कतिपय योजनाहरू उनीहरूले सम्पन्न गर्न नसकेर सङ्घीय सरकारलाई नै फर्काएका थिए। अहिले जनशक्ति र उपकरणका हिसाबले पनि सडक योजना अरु तहमा जान नसकेका हुन्। अहिले झण्डै ४०० सडक पुलको मर्मत गर्नुपर्ने आवश्यकता छ।

सरकारको चालु आवमा ३०० पुल निर्माण सम्पन्न गर्ने योजना छ। तीमध्ये अघिल्लो वर्षबाटै निर्माण शुरु भएका पुलहरू धेरै रहेको प्रमुख भट्टराईले बताउनुभयो। पुल निर्माणमा बहुवर्षीय ठेक्का भएकाले पहिलो चौमासिकमा ४५ वटा सम्पन्न भएकामा निर्माणाधीन पुलमध्ये बाँकी पुलहरू सम्पन्न गरी ३०० पुऱ्याउने लक्ष्य लिइएको हो। अहिले लक्ष्य लिइएको पुल सम्पन्न गर्न थप बजेट आवश्यक पर्ने विभागले जनाएको छ। झण्डै रु १४ अर्ब रकम नेपाल सरकारले थप गरेपछि नै यस वर्षको लक्ष्य हासिल गर्न सकिनेछ।

पुल निर्माण एकै वर्षमा सम्पन्न नहुने हुँदा दुई/तीन वर्षदेखि चार वर्षको अवधिमा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरिएको छ। कतिपय योजना विभिन्न कारणले सम्पन्न नहुने हुँदा त्यसमा अवधिसमेत थप हुन्छ। प्रशासनिक वा वर्षातलगायतका कारणले निर्माण व्यवसायीले चाहेर पनि काम गर्न नसक्दा अवधि थप हुने गरेको उपमहानिर्देशक भट्टराईले बताउनुभयो। निर्माणाधीन पुलमध्ये कतिपय रणनैतिक सडक त कतिपय स्थानीय सडकमा निर्माण भइरहेको छ। विभागमा निर्माणाधीन पुलको चाप उच्च भएको भन्दै दुई वर्षसम्म नयाँ पुल निर्माणको योजना बनाइएको थिएन। "विगतमा बर्सेनि पुलको योजना थप भइरहँदा सम्पन्न गर्न बाँकी पुलको सङ्ख्या धेरै थियो", उहाँले भन्नुभयो, "गत दुई वर्ष नयाँ योजना नथपिएकाले केही कम भएको हो।"

सरकारले अधिकांश स्थानमा आरसिसी प्रविधिको पुल निर्माण गर्दै आएको छ। विगत केही वर्षदेखि नयाँ प्रविधिसमेत भित्र्याइरहेको छ। विभिन्न स्थानमा 'नेटवर्क आर्क ब्रिज' प्रविधिको पुल निर्माण भइरहँदा अहिले सरकारले देशभरका १० स्थानमा 'सिग्नेचर पुल' निर्माण गर्ने भएको छ। पुल निर्माणको स्थान, सम्भावना, खर्चलगायतका विषयमा अहिले अध्ययन भइरहेको छ। पुल निर्माणका लागि आवश्यक अध्ययन सकिएपछि निर्माणका लागि ठेक्का सम्झौता गरिने सडक विभाग, पुल महाशाखाले जनाएको छ। चितवनको नारायणी नदी र पोखराको विजयपुरमा पुल निर्माण गरिने टुङ्गो लागेको महाशाखाका प्रमुख भट्टराईले बताउनुभयो।

## विश्व समाचार

### आक्रमणमा एक परिवारका चार सदस्यको मृत्यु

काबुल, ६ माघ (रासस/सिन्ह्वा)।

अफगानिस्तानको राजधानी काबुलमा रहेको एक घरमा आइतबार अज्ञात सशस्त्र हतियारधारी एक समूह प्रवेश गरी एकै परिवारका चार सदस्यको हत्या गरेका छन्।

हत्या गरिएकामा तीन जना बालबालिका पनि रहेका गृह मन्त्रालयका प्रवक्ता नसरात रहिमीले सोमबार बताउनु भएको छ। अज्ञात सशस्त्र समूहले आक्रमण गरेका यो घर सरकारी कर्मचारी भएको बताइएको छ।

रहिमीका अनुसार सरकारी कर्मचारीको घरभित्र छिरेर मारिएका व्यक्तिहरूमा आमा र तीन बालबालिकालगायत परिवारका चार सदस्यलाई निर्मम हत्या गरेका छन्।

युद्धग्रस्त यस मुलुकमा गएको तीन दिनमा नै परिवारका सदस्यहरूको क्रुर हत्या भएको यो दोस्रो घटना हो।

गत शनिबार अफगानिस्तानको उत्तरी प्रान्त फर्याब अन्दखोई जिल्लामा यस्तै घटनामा केही अज्ञात हतियारधारी व्यक्ति एउटा घरभित्र पसेर एक परिवारका चार सदस्यको हत्या गरेका थिए।

रहिमीले यस घटनाको अनुसन्धान गरी न्याय दिलाउन कोसिस जारी रहेको बताउनु भएको छ।

### इन्डोनेसियामा पुल भत्किँदा सातको मृत्यु

इन्डोनेसिया, ६ माघ (रासस/एएफपी)।

इन्डोनेसियाको सुमात्रा द्वीपमा एक पुल भत्किँदा कम्तीमा सात व्यक्तिको मृत्यु भएको प्रकोप व्यवस्थापन निकायले सोमबार जनाएको छ।

कावर शहरको भर्खरै मात्र निर्माण भएको सो पुलमा करिब ३० जना विद्यार्थीहरू पुल पार गर्न लागेको अवस्थामा अकस्मात पुल भत्किएको थियो।

मुसलधारे वर्षाका कारण यस पुलमुनिको नदीमा पानीको सतह सामान्यभन्दा माथि रहेको जनाइएको छ। पुल भत्किएपछि सात जनाको पानीमा डुबेर मृत्यु भएको र तीन जना अझै हराइरहेका प्रकोप व्यवस्थापन निकायका प्रमुख उजाङ्ग स्याफिरीले सोमबार एएफपीलाई बताउनुभएको छ।

नदीमा खसेका केही विद्यार्थीलाई सकुशल उद्धार गरिनुका साथै खोजी र उद्धार टोलीले हराएका विद्यार्थीको खोजीकार्य जारी राखेका छन्। इन्डोनेसियाको राजधानी जकार्तामा यसै महिनामा भारी वर्षापछि आएको बाढी पहिरोको कारण करिब ६७ व्यक्तिको मृत्यु भएको छ।

### लिबिया सम्मेलनका सहभागीहरू शान्ति स्थापनामा सहमत

बर्लिन, ६ माघ (रासस/सिन्ह्वा)।

जर्मनीको बर्लिनमा आइतबार शुरु भएको लिबिया सम्मेलनका सहभागीहरू लिबियामा जारी द्वन्द्वको अन्त्यका लागि हतियारको प्रयोग निषेध गर्ने विषयमा सहमत भएका छन्।

उक्त सम्मेलनका सहभागीहरूबीच द्वन्द्व समाधान गर्न विषयमा छलफल भएको जर्मन चान्सलर एन्जेला मर्केलले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, हामी यस सम्मेलनमा हतियारको प्रयोग रोक्ने र शान्ति स्थापनाका लागि सबैले पहल गर्ने एक गम्भीर विषयमा सहमति जनाएका छौं।

उहाँले बर्लिन सम्मेलनले अघि सारेको यस सहमतिले आगामी दिनमा लिबियामा शान्ति स्थापनाका लागि सहयोग पुऱ्याउने धारणा उक्त सम्मेलनपछि आयोजित पत्रकार सम्मेलनमा राख्नुभयो।

यस सहमतिले लिबियामा शान्ति स्थापनाका लागि जारी प्रयासहरूमा एक ठूलो योगदान पुऱ्याउने धारणा पनि जर्मन चान्सलर मर्केलले राख्नुभएको छ।

आइतबार बर्लिलनमा शुरु भएको यस सम्मेलनमा टर्की, रसिया र फ्रान्सका राष्ट्रपतिहरूलगायत विश्वका नेताहरू सहभागी हुनुभएको छ। लिबियामा युद्ध अन्त्य गर्ने उद्देश्यले जर्मन चान्सलर मर्केलको संयोजकत्वमा उक्त सम्मेलनको आयोजना गरिएको हो।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेरेससँग परामर्श गरेर सम्मेलनको आयोजना गरिएको थियो। सो सम्मेलनमा मध्यस्थताका लागि रूसी राष्ट्रपति भ्लादिमिर पुटिन, फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोँ र टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगान पनि सहभागी हुनुहुन्छ।

लिबियामा जारी द्वन्द्व अन्त्यका लागि आवश्यक सहयोग जुटाउने विषयमा पनि छलफल भएको थियो। हाल लिबियाका प्रधानमन्त्री फायज अल-साराजलाई राष्ट्रसङ्घले मान्यता दिएको छ।

उक्त सम्मेलनमा सहभागिता जनाउन लिबियाली प्रधानमन्त्री साराज र त्यहाँका विद्रोही नेता हफ्तार पनि बर्लिन पुग्नुभएको समाचारमा जनाइएको थियो।

सो पत्रकार सम्मेलनमा मर्केलले भन्नुभयो, यो सम्मेलनबाट हामी निकै खुशी भएका छौं र मलाई लाग्छ अब आगामी दिनमा यहाँ शान्ति स्थापना गरी सबै पक्ष मिलेर अघि बढ्ने बाटो खुलेको छ।

उहाँले लिबियामा शान्ति प्रक्रियाको लागि यो पहिलो पाइला भएको पनि बताउनुभयो। यही हतियारको प्रयोग निषेधित भएको समयको सदुपयोग गरेर आगामी दिनमा अघि बढ्नुपर्ने उहाँले बताउनुभयो।

उक्त सम्मेलनपछि ५५ बुँदे सहमति पत्र पनि जारी गरिएको छ। सम्मेलनका सबै सहभागीहरूले ती ५५ बुँदामा सहमति जनाएका छन्।

उक्त सहमतिअनुसार हतियारको प्रयोग निषेध गरिएको अवस्थाको निरीक्षणको लागि पनि एक समूह गठन गरिने छ र त्यसका आधारमा त्यहाँ हतियारको दुरूपयोग भए नभएको बारेमा निरीक्षण गरिने छ।

यस सहमतिको संयुक्त राष्ट्रसङ्घले पनि सहमति जनाएको छ। संयुक्त राष्ट्रसङ्घ महासचिव गुटेरेसले यस सहमतिले लिबियामा शान्ति स्थापनाका लागि सहयोग पुऱ्याउने धारणा राख्नुभएको छ।

# अतिविपन्न पाँच सय परिवारलाई ब्लायङकेट बितरण



**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

चिसोबाट जोगिनका लागि सोमबार सप्तरीको राजगढ गाउँपालिका र कंचनरुप नगरपालिकाका अतिविपन्न ५ सय परिवारलाई न्यानो कपडा ब्लायङकेट बितरण गरिएको छ।

स्वीजरल्यान्ड सरकारको मानविय सहयोग, सामी हेल्भेटास सहकार्य र सप्तरी सामुदायिक विकास केन्द्र नेपाल र राजगढ गाउँपालिको समन्वयमा मलेकपुरस्थित एक सय ९ सदाय परिवारलाई सो ब्लायङकेट बितरण गरिएको छ।

त्यस्तै सोही गाउँपालिकाको बेल्ही, चपेना, झुटकीमा गरि १ सय ८० ती समुदायका व्यक्तिहरुलाई जाडो छल्न ब्लायङकेट बितरण गरिएको संस्थाका अध्यक्ष शम्भुनन्द चौधरीले जानकारी दिएका छन्।

सो अवसरमा वडा अध्यक्ष लक्ष्मी ठाकुर, पत्रकार महेन्द्र मंडल (बनवारी) ले मलेकपुरको सदाय बस्तीमा ब्लायङकेट बितरण गरेका थिए।

यस्तै आइतबार र सोमबार गरि जिल्लाको कंचनरुप नगरपालिकाका प्रमुख बसन्त मिश्रको अगुवाईमा ५ सय अति विपन्न परिवारलाई ब्लयाङकेट वितरण गरिएको संस्थाले जनाएको छ।

# एपीएफ मेयर कपको सेमिफाईनलमा प्रवेश

**दैनिक समाचारदाता**
**राजविराज, ६ माघ ।**

सप्तरीको शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा सञ्चालित मेयरकप २०७६ फुटबल प्रतियोगिताको सेमिफाईनलमा एपिएफ २ नम्बर बाहिनी बर्दिबास महोत्तरी प्रबेश गरेको छ।

प्रतियोगिता अन्तर्गत सोमवार सम्पन्न खेलमा हेल्दी एक्वा पानी फेक्टी मोहनपुर सप्तरीलाई शुन्यका बिरुद्ध तीन गोलले पराजित गर्दै एपीएफ सेमिफाईनलमा प्रवेश गरेको हो।

सम्पन्न खेलमा एपीएफले पहिलो हाफम एक गोल गरेको थियो भने दोश्रो हाफमा थप दुई गोल गरेको थियो।

प्रतियोगिता अन्तर्गत मंगलवारको खेल उत्तरबाहिनी समाज सेवा युवा क्लव बल्टीयाही सिरहा र बिराट मेगा स्पोर्टस क्लब बिराटनगर मोरङबीच हुने खेलकुद समितिका सचिव श्रवण कुमार चौधरीले जानकारी दिएका छन्।

शम्भुनाथ नगरपालिकाको सहयोगमा सन्यासी युवा क्लब पोखरीयाको आयोजनामा शुरु भएको प्रतियोगितामा सप्तरी, सिरहा, महोत्तरी, उदयपुर, सुनसरी र मोरंगका बिभिन्न १४ क्लबको सहभागिता रहेको जनाएको छ। माघ १२ गते हुने प्रतियोगिताको बिजेताले नगद रु. ५५ हजार र कप हात पार्ने छ भने उपबिजेताले नगद रु. ४५ हजार पाउने आयोजकले जनाएको छ।

### माघ २५ देखि ...

गरिने र माघ २५ गतेबाट प्रतियोगिता सञ्चालन गरिने विज्ञप्तिमा उल्लेख छ।

यस्तै वडा स्तरीय टिमहरुलाई आवश्यक तयारी गर्न खेल सामग्री प्रदान गरी वडा नं. १ तिलाठीस्थित पाठशालाको मैदान र वडा नं. ७ स्थित मा.वि. कट्टीको मैदानमा प्रशिक्षण शिविर सञ्चालन गरिने जनाउँदै वडा स्तरीय प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गर्ने खेलाडिहरु चयन गरि गाउँपालिकाको एउटा स्तरीय टिम तयारी गरी विभिन्न प्रतियोगिताहरुमा सहभागिता जनाउने विज्ञप्तिमा उल्लेख छ।

# लागु औषधसहित तीन पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ६ माघ ।**

सिरहा प्रहरीले लागुऔषधसहित तीन युवकलाई पक्राउ गरेको छ।

प्रहरीचौकी कचनारीबाट खटिएको गस्ती टोलीले सिरहाको बरियारपट्टी गाउँपालिका १ बडहरीबाट लक्ष्मीपुरपतारी गाउँपालिका ५ पथरगढा निवासी २० वर्षीय बलजित दास, लहान नगरपालिका २३ निवासी १८ वर्षीय इन्द्रजित सहनीलाई आइतबार पक्राउ गरेको जनाइएको छ।

स३प ७९६८ लाई चेकजाँच गर्ने क्रममा लागुऔषध बरामद भएपछि मोटरसाइकलमा सवार ती दुवैलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ। पक्राउ परेका दुवैको साथबाट नाइट्रोभेट तीन टचाब्लेट समेत बरामद गरिएको छ।

यस्तै सिरहाकै मिर्चैया नगरपालिका ६ कटारीचौकबाट प्रहरीले डिलेक्स डिसी १०० एमएलको १३ बोतल लागुऔषधसहित स्थानीय २४ बर्षीय अशोक कुमार साहलाई पक्राउ गरेको छ।

### दृष्टिविहिन भोल्वी ...

बावजुत न्यानो लुगाको अभावमा कष्टकर जिवन बिताएको बताउँदै सम्पतिको नाउँमा एक इन्च पनि आफ्नो नाममा जग्गा नरहेको बताइन्।

उनले भनिन्, "आफु पनि दृष्टिविहिन, जेठो छोरा पनि दृष्टिविहिन, अर्को छोरा हाम्रै रेखदेखमा बस्नु परेको छ, कहाँ जानु ? कसलाई के भनु ? कसले हाम्रो पिडा बुझि देलान ?" यता आमा छोरा अहिल गाउँमै भिक्षा मागेर गुजारा गरिरहेको स्थानियले बताएका छन्।

### मतदाता र निर्वाचन ...

पंजियार आफ्नो हार निश्चित देखेपछि मतदातालाई भ्रममा पार्न झुठा आरोपसहित उजुरी दिएको स्पष्ट पारेका छन्।

सप्तरी जिल्ला अदालतबाट तोकेको सजाय भुक्तान नगरि फरार रहेको सिंहको मनोनयन खारेज गर्नु पर्ने भन्दै पंजियारले निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दर्ता गराएका छन्।

उजुरीमा २०४४ साल असार ३० मा कुटपिट अंगभंग मुद्दामा सिंहलाई २ वर्ष कैद जरिवाना हुने फैसला गरेपनि सिंहले सोको अवज्ञा गर्दै आएको तथा राष्ट्रिय सभा सदस्य पदका लागि मनोनयन पत्र दर्ता गराएकाले मनोनयन खारेज गर्नु पर्ने माँग गरिएको छ।

प्रमाणका रुपमा उनले सप्तरी जिल्ला अदालत तहसिल फाँटद्वारा २०५४ साल जेष्ठ १५ गते तत्कालिन पुनरावेदन अदालत राजविराजलाई पठाएको जवाफ पत्र सार्वजनिक गरेका छन्। सप्तरी जिल्ला अदालत तहसिल फाँटद्वारा पुनरावेदन अदालत राजविराजलाई पठाइएको सो जवाफ पत्रमा, "यस अदालतको २०५४ जेष्ठ १५ को निर्णयले वादी देवनारायण चौधरी र प्रतिवादी शेखर प्रसाद सिंह भएको कुटपिट मुद्दामा यस अदालतमा कसिएको लगत कट्टा भएको उल्लेख गरिएको छ।

यसरी सम्मानित अदालतबाट लगत कट्टा भइसकेको मुद्दाबारे झुठो उजुरी दिने तथा मतदाता र निर्वाचन अधिकृतको कार्यालयलाई समेत भ्रममा पार्ने प्रयास गरिएको सिंहको भनाई छ।


नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT






एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस्।
राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७

दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



छिन्नमस्ता डेरी उद्योग
सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ।




नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ। २४ औं घण्टा काउण्टर खुला रहनेछ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*